# खप्तडछान्ना गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पर्सलबगर, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

9849904286
9858485616
9844143090

khaptadchhannamun.gov.n

info@khaptadchhannamun.gov.np
ito@khaptadchhannamun.gov.np
ito.khaptadchhannamun@gmail.cc


पत्र संख्याः २०८०।८१
चलानी नम्बरः ६५५

मिति २०८०।१०।११

विषयः राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी जरुरी सूचना ।

श्री सवै सामुदायीक विद्यालयहरु
खप्तडछान्ना गाउँपालिका,बझाङ्ग

प्रस्तुत विषयमा चालु आ.व. २०८०।०८१ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका कार्यक्रममा सहभागी हुन इच्छुक सामुदायीक विद्यालयहरुले शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमि भक्तपुरको मिति २०८०।१०।०९ को संलग्न सूचना बमोजिम तोकिएको क्षेत्र अन्तर्गतका कार्यक्रम छनौट सूचनामा उल्लेखित शर्त भित्र रही तोकिएको ढाँचामा २०८०।१०।२० गते भित्र खप्तडछान्ना गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

वीर बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
अनुसन्धान तथा गुणस्तर सुधार शाखा
सानोठिमी, भक्तपुर

फोन नं ०१६६३३६२४

पत्र संख्याः २०८०/०८१ मितिः २०८०/१०/०९
च.नं. ११

**विषयः राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ३ मा व्यवस्था भए बमोजिमको निर्देशक समितिको मिति २०८०/०९/२९ को निर्णय बमोजिम चालु आ.व. २०८०/०८१ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत देहाय बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक सार्वजनिक विद्यालयहरूलाई तोकिएको ढाँचाको प्रस्ताव मिति २०८०/१०/२९ गते भित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावका लागि प्राथमिकता तोकिएका क्षेत्रहरु**

१. विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (४ कोठे विद्यालय भवन) : देशभरका जम्मा ७४ विद्यालयहरूका लागि
२. विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान : देशभरका जम्मा ५९४ विद्यालयहरूका लागि
३. प्राविधिक धारका शिक्षाको पहुँच नपुगेका स्थानीय तहका लागि प्राविधिक धारका विद्यालय विस्तार : प्राविधिक धारको पहुँच नपुगेका स्थानीय तहहरूमध्ये १९ विद्यालयहरूका लागि

**विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (४ कोठे विद्यालय भवन) माग गर्ने आधारहरुः**

स्थानीय तहले निर्देशक समितिले तय गरेका आधार बमोजिम देहायमा उल्लिखित विद्यालय बाहेकका बाँकी मध्येबाट ४ कोठे भवनका लागि एक विद्यालय सिफारिस गरी यस केन्द्रमा पठाउनु हुन अनुरोध छ।

क. २०७२ सालको भुकम्पबाट प्रभावित भई पुनर्निर्माण कार्यक्रम सञ्चालन भएका ३२ जिल्लामध्ये सघनरुपमा कार्यक्रम सञ्चालन भएका १४ जिल्ला । साथै बाँकी १८ जिल्लाका पुनर्निर्माण भएका विद्यालयहरू।
ख. महानगरपालिकामा रहेका विद्यालयहरू।
ग. भारतीय दुतावास, चिनीया सरकार लगायत विभिन्न दातृराष्ट्र / निकाय/ संघसंस्थाबाट विगत ३ बर्षभित्र निर्माण कार्य गरेका , शुरू गर्न सम्झौता पेश गरेका तथा निर्माण कार्य भई रहेका विद्यालयहरु।
घ. विगत ३ बर्षभित्रमा संघीय, प्रदेश वा स्थानीयतहबाट कम्तिमा ४ कोठे भवन निर्माण कार्यक्रममा समावेश भएका विद्यालयहरू।
ङ. नमूना विद्यालय विकास कार्यक्रममा छनौट भएका विद्यालयहरू।

**विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान सम्बन्धमा**

विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि २०७२ सालको

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

अनुसन्धान तथा पूर्वाधार सुधार शाखा

सानोठिमी, भक्तपुर

फोन नं ०१६६३३६२४

भुकम्पबाट प्रभावित पुनर्निर्माणको सघन कार्यक्रम सञ्चालन भएका १४ जिल्ला बाहेकका जिल्लाका स्थानीय तहले निर्देशक समितिले तय गरेको आधार बमोजिम विगत ३ बर्षभित्रमा संघीय, प्रदेश, स्थानीय सरकार वा अन्य कुनै संघ संस्था वा निकायबाट यस प्रकारको कार्यक्रम नपरेका विद्यालयहरूमध्येबाट विद्यार्थी सङ्ख्याको आधारमा यस कार्यक्रमका लागि दुईवटा विद्यालयसम्म सिफारिस गरी यस केन्द्रमा पठाउनु हुन अनुरोध छ।

**प्राविधिक धारका शिक्षाको पहुँच नपुगेका स्थानीय तहका लागि प्राविधिक धारका विद्यालय विस्तार सम्वन्धमा**

प्राविधिक धारका शिक्षाको पहुँच नपुगेका स्थानीय तहका लागि प्राविधिक धारका विद्यालय विस्तार सम्वन्धमा हालसम्म प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट एउटा पनि प्राविधिक धारको विद्यालयको कार्यक्रम नरहेको तथा दुर्गम, पछि परेका तथा मानव विकास सूचकाङ्क अत्यन्त न्यून रहेका स्थानीय तहले यस कार्यक्रमको लागि एक विद्यालय सिफारिस गरी यस केन्द्रमा पठाउनु हुन।

**कार्यक्रम माग तथा सिफारिस गर्ने प्रक्रिया:**

१. माथि उल्लिखित कार्यक्रमहरुमा तोकिएका आधारभित्र पर्ने विद्यालयहरुले कार्यक्रम माग गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई निर्णय प्रतिलिपिसमेतका कागजातहरु तयार गरेको फाइल मिति २०८०/१०/२९ गते भित्र सम्वन्धित स्थानीय तहमा पेशगर्ने।

२. स्थानीय तहले प्रस्तावित विवरण पठाउँदा Font Kalimati र Font Size 11 हुने गरी देहायको ढाँचामा Excel Sheet तयार गरी Editable Excel Sheet र PDF Copy दुवै कागजात मिति २०८०/११/०५ गते भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाउनु हुनका साथै संलग्न सक्कल कागजातहरू मिति २०८०/११/१५ गते भित्र यस केन्द्रमा आइपुग्ने गरी पठाइ दिनुहुन अनुरोध छ।

| जिल्ला | स्थानीय तह | प्रस्तावित कार्यक्रम को शीर्षक | विद्यालयको IEMIS CODE | विद्यालयको नाम र ठेगाना (वडा नं समेत) | कूल विद्यार्थी सङ्ख्या | संलग्न कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**प्रस्तावका साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. विद्यालय व्यवस्थापन समितिको निर्णयसहित विद्यालयको निवेदन।

२. विद्यालय/स्थानीय तहले ४ कोठे भवनको लागत अनुमान अनुसारको नपुग बजेट थप गर्ने प्रतिवद्धता पत्र।

३. कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चिततासहितको स्थानीय तहको सिफारिसपत्र।

४. प्राविधिक धारको विद्यालय सिफारिस गर्दा स्थानीय तहले प्राविधिक धारको कुन कार्यक्रम माग गरेको हो सो सम्वन्धि विवरण।

............................

गोविन्दराज पोखेल

निर्देशक